जैमिनी नगरपालिकाको तेह्रौँ नगरसभामा २०८० असार ६ गते बुधवार

नगरप्रमुख श्री नरबहादुर पुनद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को
# नीति तथा कार्यक्रम

**जैमिनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कुश्मीसेरा, बागलुङ**

# जैमिनी नगरपालिकाको आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यज्यूहरु,**

१. लोकतान्त्रिक गणतन्त्रको जग र जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय तहलाई मजबुद बनाउन संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक व्यवस्थाको कार्यान्वयनका क्रममा जैमिनी नगरपालिकाको यस गरिमामय तेह्रौ नगरसभामा आर्थिक वर्ष २०८०।०८१ का लागि नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको समयमा लोकतन्त्र प्राप्तीको संघर्षमा जीवन उत्सर्ग गर्नुहुने वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते र अपाङ्ग हरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। राष्ट्रियता. लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदान प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

२. नेपाल सरकारको निर्णय अनुसार वि.स २०७३ साल फागुन २७ गतेका दिन स्थापना भएको जैमिनी नगरपालिका सातौँ वर्षमा अगाडि बढीरहेको छ। ग्रामीण परिवेशलाई समेटी निर्माण गरिएको हाम्रो नगरपालिकालाई वास्तविक नगरको स्वरुप दिन निकै कठिन छ। आन्तरिक स्रोत र साधनहरुको न्यूनता छ। विकासका पूवाधारहरु नयाँ निर्माण गर्नुपर्ने अवस्था छ। सीमित स्रोत र साधनको विचमा असिमित आवश्यकताहरुलाई पुरा गर्नुपर्ने बाध्यतालाई मनन गर्दै हाम्रा विकासका गतिविधिहरु अगाडि बढाउनु परेको छ। नेपालको अन्तरराष्ट्रिय प्रतिबद्धता अनुरुप वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्यहरु हासिल गर्न हाम्रो प्रयास प्राप्त स्रोत र साधानलाई प्राथमिकीकरण गरी उचित प्रतिफल प्राप्त गर्ने दिशा तर्फ अग्रसर हुनु जरुरी छ। जनतालाई पुऱ्याउनुपर्ने स्वास्थ्य, शिक्षा, खानेपानी, भौतिक पूवाधार निमार्ण, कृषि क्षेत्र विकास, रोजगारी सिर्जना, गरिबी न्यूनिकरणका लागि सन्तुलित र समावेशी विकास जस्ता विषय र क्षेत्रहरुमा केन्द्रित भै सामन्तवादी उत्पादन प्रणालीको अन्त्य गर्दै समाजवाद उन्मुख अर्थनीतीको राष्ट्रिय उदेश्य पुरा गर्न पुँजीको विकास गर्न जरुरी छ। जसका लागि समाजमा छरिएर रहेको श्रमशक्ति एकिकरण गर्नु र खेर गएको प्राकृतिक स्रोत उपयोगमा जोड दिनु आजको आवश्यकता हो। हाम्रो संबैधानिक व्यवस्था अनुसार विधिको शासन संचालन गर्दै " संमृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी " को यात्रा सफल पार्न नगरपालिका प्रतिबद्ध छ।

**नगर सभाका सदस्यज्युहरु,**

३. हामीलाई प्राप्त श्रोत र साधनलाई जनताको आवश्यकता र हित अनुकुल हुने गरि सेवा पुऱ्याउने सन्दर्भमा छरितो र सरल नागरिक सेवा आवश्यकताको सिद्धान्तको आधारमा सन्तुलित र समानुपातिक वितरण प्रणालीको विकास, सबै वडा केन्द्रमा निरन्तर चल्न सक्ने सडक निर्माण, प्रशासकीय भवन निमार्ण सुधार, सुकुम्वासी, घरविहिन र खरका छाना भएका परिवारलाई व्यवस्थित वसोवास, आत्मनिर्भर जैमिनीवासीको लक्ष्यलाई पूरा गर्न स्थानीय कृषि उत्पादनमा बृद्धि र बजारीकरण, एवम सीप र दक्षतायुक्त नागरिक निर्माण, गुणस्तरीय र सुलभ शिक्षाको अवसर , बालमैत्री स्थानीय शासन, सहज र भरपर्दो स्वास्थ्य सेवाको पहुँच तथा महामारी नियन्त्रण, स्वच्छ खानेपानी र सरसफाई युक्त टोलवस्ती, गुणस्तरीय खाद्य वस्तु उपलब्धताको प्रत्याभुति,कला, साहित्य, संस्कृतिको संरक्षण, पर्यटन क्षेत्रको विकास, रोजगारीका अवसरहरुको सृजना, वातावरण संरक्षण, सुशासन र संस्थागत विकास र सुरक्षा जस्ता क्षेत्रहरु हाम्रा प्राथमिकताका प्रमुख क्षेत्र हुन्। हाम्रा प्रयासहरुलाई निश्कर्षमा पुर्याउन विभिन्न क्षेत्रका विज्ञहरुको सम्मेलन गरि बिषयगत क्षेत्र विकास र स्रोतसाधनको अधिकतम परिचालन सम्बन्धी जारी भएको जैमिनी घोषणा पत्र २०७९ लाई मुख्य आधारका रुपमा अनुशरण गरिएको छ।

४. प्रत्यक्ष जनताका बिचमा अध्ययन अनुसन्धान गर्दै श्रोत र साधनको अधिकतम परिचालनका लागि एउटा लगानी सम्मेलन गरिनेछ, साथै राजनैतिकदलका अग्रजहरु, बुद्धिजीवी, समाजसेवी, नागरिक समाजबाट प्राप्त सुझावलाई मनन गरिनुका अतिरिक्त यस नगरपालिकालाई आगामी आ.व. २०८०/०८१ मा संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा सर्शत र निर्शत गरि प्राप्त हुने रकम, र नगरपालिकाको आन्तरिक आय समेतलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा नगरपालिकाबाट सम्पादन गरिने सबै प्रकारका योजना तथा कार्यक्रमहरु अगाडि बढाउने लक्ष्यका साथ यो नीति तथा कार्यक्रम तयार गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रममा केही नयाँ कार्यक्रमहरुका अतिरिक्त पुरा गर्नुपर्ने अधुरा कार्यक्रमहरुलाई समेत निरन्तरता दिइएकोछ ।

५. हाम्रा बिचमा विकास र समृद्धिका अवसरहरु रहि आएका छन् यसै गरि चुनौती समेत, जसलाई छोटकरीमा देहाय अनुसार चित्रित गरिएकोछ।

**अवशरहरुः**

- भौगोलिक हिसाबले सबै वडाहरुमा कच्ची सडक सञ्जाल जोडिएको ।
- पोखरा, बागलुङ, बुटवल र पाल्पा लगायतका महत्वपूर्ण सहरसँग सडक सञ्जाल कायम भएको।
- तुलनात्मक हिसाबले पर्याप्त कृषियोग्य जमिन र बर्षभरी बग्ने खोला नालाका कारण सिंचाइ व्यवस्था सहज।
- पर्याप्त मात्रामा वनजङ्गलका कारण वनपैदावार र वनजन्य व्यवसायको सम्भावना रहेको।
- प्रसिद्ध जैमिनीधाम, गाजाको दह, हाँडीकोट क्षेत्र प्रसिद्ध थन्थापीमाई र पुरानो गाँउ जस्ता विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूका कारण आन्तरिक तथा बाह्य पर्यटनको सम्भावना रहेको।

**चुनौतीहरुः**

- भौगोलिक असहजताका कारण विकास निर्माणका कार्यहरु खर्चिलो, भिरालो र पहाडी भुबनोट-, बाढी पहिरोका कारण निर्माण गरिएका सडकहरु मर्मत सुधार गर्न वर्षेनी ठुलो धन राशि खर्च गर्नुपर्ने स्थिति रहेको।
- बढ्दो बसाइसराइले ग्रामीण वस्तीहरु खाली हुनु।
- बढ्दो अनुदानमुखी र उपभोगवादी प्रवृत्ति रहनु।
- कृषियोग्य जमिनको उपयोगमा कमी र खेतीयोग्य जमिन बाँझिनु।
- विभिन्न क्षेत्रमा भैरहेको श्रमशक्ति उपयोग नहुनु
- जनताको असीमित आवश्यकता र चाहनाहरु सीमित स्रोत र साधनबाट संबोधन गर्न कठिन।
- प्रदेश र संघबाट छनौट भएका योजनाहरुमा समन्वयको अभाव देखिएको।
- निर्माण व्यवसायीको ढिलासुस्तिका कारण प्रशासकीय भवन निर्माण र कुश्मीसेरा राङखानी प्रथम खण्डको सडक निर्माणमा ढिलाई।
- संघ र प्रदेशबाट बन्नु पर्ने आवश्यक ऐन कानुनहरु समयमा नबन्दा पालिकास्तरमा काम गर्न असहज भएको।
- सम्मानित सर्वोच्च अदालतको आदेशका कारण गिट्टी बालुवा विक्रि गर्न नसकिएकोले आन्तरिक ,ढुङ्गा , राजस्वमा कमि हुनुका साथै निर्माण कार्य महङ्गो भएको।
- आन्तरिक आय न्यून हुनु, आर्थिक वर्षको अन्तिम चौमासिकमा समानीकरण र राजस्व बाँडफाँड शिर्षकको रकम ५० प्रतिशत घटेर आउँदा श्रोत व्यवस्थापनमा कठिनाई भएको।

- सार्वजानिक यातायातको संचालन र व्यवस्थापन हुन नसक्दा आम नागरिकहरुलाई कठिनाई भएको।

**नगर सभाका सदस्यज्युहरु,**

अब म विषयगत क्षेत्रका नीति र कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### (क) आर्थिक विकास

**कृषि तथा पशु सेवा**

६. आर्थिक विकासको प्रमुख आधार नै कृषि तथा पशुपालन हो । जैमिनी नगरपालिकाको आर्थिक विकासको मुख्य मेरुदण्डको रुपमा पनि कृषि तथा पशु पालनलाई लिईएको छ।यस क्षेत्रको विकासको लागि गत वर्ष देखिनै सुरु गरिएका **कृषिबाट सम्वृद्धि तथा कृषिबाट गरिबी निवारण** जस्ता कार्यक्रमलाई निरन्तरता दिंदै उत्पादनमा जोड दिई आत्म निर्भर जैमिनीवासी बनाउन प्रभावकारी ढंगले कृषि मजदुर परिचालन गर्दै चक्लाबन्दी खेति प्रबर्द्धन, कृषि तथा पशुपंक्षी जन्य उत्पादन र बिक्रीमा चक्रीय प्रणाली अपनाउदै कृषि र पशुजन्य क्षेत्रमा अधिकतम उत्पादन र बजारीकरणका लागि समूह, सहकारी तथा निजि क्षेत्रसंग सहकार्य गर्दै ब्रान्डीङ, लेवलीङ, र प्याकेजिङ गर्ने गराइनेछ। कृषकहरुलाई उत्पादन र विक्रिका आधारमा प्रोत्साहन अनुदान दिने नीति लिइनेछ। कृषि तथा पशुजन्य पदार्थको संकलन गरि बजारीकरणको लागि कृषि उपज संकलन केन्द्र निर्माण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

७. जैमिनी नगरपालिकाको आर्थिक विकासको एउटा महत्वपूर्ण आधार गैर काष्ठवन पैदावार र जडिबुटीको विकास पनि एक हो,यसका लागि जडिबुटी पहिचान र थप अध्ययनलाई जोड दिने नीति लिईनेछ ।

८. जैविक खेती प्रणालीतर्फ आकर्षित गर्दै व्यवसाय गर्न चाहने कृषकलाई प्रोत्साहन साथै बैंकबाट सहुलियत कृषि ऋण र कर्जाको ब्यवस्था मिलाउन पहल गरिनेछ ।

९. माटो परीक्षण तथा Citrus greening परिक्षण को लागि ल्यावको व्यवस्था गरी स्थानीय स्तरमा नै माटो परीक्षणलाई अभियानको रुपमा संचालन गरिनेछ साथै "बाँझो जग्गाको उपयोगिता, रोजगारीको सुनिश्चितता" भन्ने नारा लाई मुर्तरुप दिन बाँझो रहेको जग्गालाई उचित व्यवस्थापन गर्दै जग्गा एकिकृत गरि फलफुल बाली, मसला बाली विकास तथा घाँस विकास कार्यक्रम संचालन गरिने छ साथै स्थानीय स्तरमा उत्पादन हुने रैथाने उत्पादन प्रबर्द्धन र स्थानीय कुखुरा पालन व्यवसायलाई थप प्राथमिकता दिइने नीति लिइनेछ ।

१०. बाँदरको समस्या समाधानका लागि तत्कालिन र दिर्घकालिन समाधानका उपायहरुको खोजि गर्ने र संघ र प्रदेश सरकारसंग बाँदर नियन्त्रणमा देखिएका कानुनी अड्चन निराकरणका लागि समन्वय गरिने छ ।

११. विशेष वाली पहिचान गरि उत्पादन र प्रवर्द्धन गर्ने र जैमिनीको पहिचान बाली बनाउने कार्यक्रमलाई प्रोत्साहन गरिने छ । स्थानीय बनस्पति (सिस्नो, वाँको, कर्कलो, सिरिम्ले मकै, कोदो, जुनेलोआदि जस्ता बाली) संरक्षण र उपयोग गर्ने नीति लिईनेछ । साथै पर्यावरणीय खेति उत्पादनमाआधारित कार्यक्रम लाई जोड दिईनेछ ।

१२. कृषि मेला प्रदर्शनी एवं पर्यटनलाइ जोड दिने नीति लिइनेछ | कृषि उत्पादनको प्रचारप्रसार र प्रवर्द्धनको लागि हाटबजार संचालनको लागि आवश्यक नीति लिइनेछ |

१३. कृषि स्नातक करार तथा भेटेरिनरी डाक्टर र कृषि र पशु सेवाका लागि वडास्तरमा प्राविधिक व्यवस्थापन प्राविधिक व्यवस्थापनलाई निरन्तरता दिइनेछ । कृषि तथा पशुपंक्षीको तत्थ्यांक अद्यावधिक र किसान सुचीकरण गरि तिनै तहको सरकारबाट प्राप्त हुने सेवा सुविधालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने र बालि र पशुपन्क्षी बिमालाई प्रभावकारी बनाउन तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत संचालित पकेट, बलक, जोन लगायत कार्यक्रमहरुलाइ प्रभावकारी ढंगले नियमन गरि संघ र प्रदेशसँग आवश्यक समन्वय गरिनेछ ।

१४. नगरपालिकाको लगानीमा संचालनमा आएका विभिन्न कृषि/पशु आयोजना तथा परियोजनाहरुलाई पुनर्मूल्यांकन गरि आवश्यक निर्णय लिईनेछ |

१५. कृषकहरुको बालीवस्तु आकस्मिक प्राकृतिक प्रकोप वा अन्य कारणले क्षती भएमा राहतको लागि कृषक राहत तथा विपद् व्यवस्थापनलाई कृषक राहत कोष मार्फत थप प्रभावकारी बनाउने नीति लिइनेछ।

१६. अति विपन्न कृषक तथा वेसहारा महिला पुरुषलाई जिविकोपार्जनमा टेवा दिनका लागि कृषि तथा लघुउद्यमसँग आबद्ध गरेर जीविकोपार्जनका लागि पूँजी उत्पादन गर्ने शर्तमा विपन्न लक्षित वेसहारा महिला, पुरुष तथा एकल महिला विशेष आर्थिक अनुदान कार्यक्रम संचालन गरिनेछ।

१७. कृषि क्षेत्रको विकासका लागि कृषक वर्गिकरण तथा परिचयपत्र व्यवस्थापन, नविनतम प्रविधि प्रयोग तथा सीप हस्तान्तरणको लागि तालिम तथा भ्रमण, उन्नत विउ, आकष्मिक बाली तथा पशु उपचार सेवा, पशुपंक्षीको औषधी, खोप, पशु आहारा व्यवस्थापन, कृषि यान्त्रिकरण तथा विविधिकरण एवं उत्पादन सामाग्री वितरण, मौरीपालन व्यवसाय तथा माछापालन व्यवसायको पुर्वाधार निर्माण जस्ता कार्यक्रमहरुको समुचित व्यवस्था गरिने छ।

१८. कृषि तथा पशुपालन क्षेत्रको उत्पादन लागत कमगर्न सरकारी, निजि, सहकारी तथा गैह्र सरकारी क्षेत्रको बजेटलाई समेत एकीकृत ढंगबाट परिचालन र सहकार्यगर्दै कृषि र पशुजन्य पदार्थबाट आत्मनिर्भर बनी आयात प्रतिस्थापन गर्ने र आय स्तरमा बृद्धि गर्ने नीति लिईने छ।

१९. कृषि तथा पशुजन्य पदार्थको बजार व्यवस्थापन र मासु उत्पादनका लागि बफेलो काफ होस्टेल जस्ता कार्यक्रमलाई नेपाल सरकारको मापदण्डमा रही मासुको गुणस्तर कायम गर्ने र दुधको गुणस्तरका लागि प्याकेजिङ गरि बिक्री गर्ने साथै संकलन तथा चिस्यान केन्द्रव्यवस्थापनका लागि सहयोगको नीति लिइनेछ। मासुलाई व्यवस्थित गरि वडास्तरमा मासु पसल सुधार गर्दै नगरपालिकामा व्यवस्थित वधशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ।

२०. पशुको नश्ल सुधार कार्यक्रम लाई प्रभावकारी बनाउन प्रदेश सरकार सँग सहकार्य गरि कृत्रिम गर्भाधान सेवा मार्फत जन्मिएका पाडी बाच्छीलाई हुर्काउनको लागि उचित नीति अबलम्बन गरिनेछ।

२१. स्थानीय गाइ गोरुको संरक्षणमा जोड दिने उद्धेश्यले व्यवसायीक रुपमा हल गोरु पालक कृषकहरुलाई प्रोत्सहान गर्ने नीति लिईनेछ।

२२. आर्थिक विकास अन्तर्गत संचालित कार्यक्रमहरुको लागि कार्यविधि बनाई कार्यन्वयनमा ल्याउने नीति लिइनेछ र सम्पुर्ण कृषि तथा पशुपालन सम्बन्धी संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गरी उत्कृष्ट कृषकलाई सम्मान गर्ने नीति लिइने छ।

**संस्कृति सम्बर्धन एवम् पर्यटन विकास**

२३. प्रसिद्ध जैमिनीधाम, थन्थापीमाई मन्दिर, गाजाको दह क्षेत्र, हाडिकोट क्षेत्र, पुरानो गाउँ क्षेत्र, हात्तिढुंगा, पुतली गरा छिस्ती, कमल जैसी मन्दिर, शिवपुरी, गाइथुने तथा राधाकृष्ण मन्दिर, शालिग्राम संरक्षित क्षेत्र गाईथुने, देवी मन्दिर चोखेक, सती मन्दिर जैदी, रिठे डाँडा, कोट, मर्नास टाँपु, नाग ढुङ्गा र जनै मन्तर्नी पोखरी जस्ता आस्थाका प्रसिद्ध धरोहरहरु एवं कालापातल राङखानी लगायतका नगरक्षेत्रका विभिन्न स्थानमा रहेका खानी निर्मित सुरुङहरु जस्ता ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्धनमा विशेष ध्यान दिइनेछ।

२४. पुरानो गाँउ क्षेत्रलाई कृषि क्षेत्रको संरक्षण, वन्यजन्तु व्यवस्थापन तथा पर्यटकीय क्षेत्रको विकासको लागि सम्बद्ध निकाय सँग समन्वय गरी प्राकृतिक चिडीयाखाना तथा बाँदर बगैंचाको सम्भाव्यता अध्ययन सहितका कार्यहरु अगाडी बढाइनेछ।

२५. जैमिनी नगरपालिका भित्र रहेका ऐतिहासिक, समाजिक, साँस्कृतिक महत्व झल्कने "जैमिनी सांस्कृतिक गान" को निर्माण गरी प्रचार प्रसार गरिने र नगरपालिका भित्रका सामयिक महत्वका क्षेत्रहरु समेटेर "जैमिनी फोटो बुक" निर्माण गरिने छ । जसबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नगरपालिकाको प्रचार प्रसार गर्ने कार्यमा सहयोग पुग्ने छ ।

२६. महत्वपूर्ण पर्यटकीय स्थलसम्म सहज पहुँचका लागि आवश्यक पूर्वाधार सहित पर्यटक पदमार्ग निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै, आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षण गर्दै समाजको आर्थिक विकासमा सहयोग पुऱ्याउन नगरक्षेत्रमा सुरु भएका होमस्टेहरुको संजाल बनाउदै परिष्कृत एवं पहुंच योग्य बनाउन नगरस्तरबाट पहल गरिनेछ ।

२७. नगर क्षेत्रमा स्थापित एवं प्रदेश स्तरमा समेत पहिचान बनाउन सफल भजन समूहहरु एवम रत्यौली, लोक दोहोरी, सालैजो, सोरठी, मारुनी र घाटु तथा जैमिनी मेला, माघे संक्रान्ती मेला, गाजादह मेला, वैठकुण्ठ चर्तुदर्शी मेला, ठुली एकादसी मेला, हाँडीकोट मेला र पुरानोगाँउ मेला लगायतका धार्मिक, सामाजिक तथा सांस्कृतिक मेला पर्व तथा महोत्सवहरुलाई थप व्यवस्थित एवं प्रोत्साहन गर्ने नीति अंगिकार गरिनेछ ।

२८. पर्यटकीय सूचना केन्द्र स्थापनाको लागि पहल गरिनेछ । पर्यटन सँग सम्बन्धीत क्रियाकलापहरु निजी तथा गैर सरकारी सँस्थाहरु सँगको साझेदारीमा सञ्चालन गरिनेछ ।

२९. जैमिनी धाम, भैरवस्थान, गाजादह, हाडिकोट, पुरानो गाँउ, गाइथुने पुतले गरा समेत जोडी प्रसिद्ध एवंम रमणीय स्थलहरुलाई एकीकृत गरि पर्यटकीय पदैल मार्गको निर्माण गर्दै पर्यटन रुटको विकास गर्न आवश्यक पहल गरिनेछ ।

**<u>अर्थ, उद्योग तथा बाणिज्य</u>**

३०. कालिगण्डकी कोरिडोर क्षेत्रका मुख्य स्थानहरुमा उद्योग तथा पेशा व्यवसाय सन्चालनका लागि चाहिने आवश्यक पूर्वाधार तयारीमा विशेष जोड दिईनेछ ।

३१. नगरपालिकामा उपलब्ध स्रोत र साधन तथा आर्थिक विकासको प्रतिफललाई न्यायोचित वितरणमा जोड दिंदै जैमिनी नगरक्षेत्र भित्र आफ्नो जन्मभूमि कायम गरि बाहिर रहनु भएका गैर आवासीय नेपालीहरुको ज्ञान, सीप, प्रविधि र पुँजिलाई नगरपालिकाको विकाससँग जोड्न आह्वान गरिने छ । साझा सरोकार र महत्वको विषयमा अन्तरपालिका सँग समन्वय गर्दै विकासका क्षेत्रमा साझा लगानीको लागि आवश्यक समन्वय गरिने छ ।

३२. बजारको एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन र गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरुको बिक्रि वितरणलाई रोक्न नापतौल तथा मूल्यमापनको नीति व्यवस्थित गर्दै अनुगमनको माध्यमबाट प्रभावकारी र प्रतिस्प्रधी बजार व्यवस्था तर्फ आवश्यक कदम चालिने छ | कृषि उत्पादनलाई बजारीकरण गर्ने कार्यमा सहजताको लागि अन्तरपालिका भगिनी सम्बन्ध कायम गरिनेछ ।

३३. कृषिजन्य लघु उद्योग संचालनतर्फ विशेष प्राथमिकता दिइने छ । जडीबुटी उद्योग स्थापनाका लागि वातावरण निर्माण गरी लगानी आकर्षित गरिनेछ । स्थानीय स्तरमा खेर गइरहेको कच्चा पदार्थको प्रयोग गर्नको लागि लघु उद्यम कार्यक्रम तथा तालिमहरु संचालन गरिनेछ । बेरोजगार युवा तथा महिलाहरुलाई स्वरोजगारको अवसर सिर्जना गरिनेछ ।उद्योग धन्दा प्रबर्द्धन र विकासका लागि विभिन्न प्रकृतिका सीपमुलक तालिम सञ्चालनको लागि व्यापार तथा वाणिज्य क्षेत्रसँग सहकार्य गरिनेछ ।

३४. नगरपालिकामा उद्योग ग्राम स्थापनाको लागि सम्भाव्य क्षेत्रको पहिचान गरि उद्योगहरुको प्रवर्द्धन गर्ने र सोका लागि आवश्यक पूर्वाधारहरुको विकास गर्न संघ, प्रदेश र निजी क्षेत्रसँग सहकार्य गर्दै जाने नीति लिइनेछ । लघु घरेलु वस्तुको बजारीकरणका लागि स्थानीय स्तरमा साझा सुविधा केन्द्र सहितको कोसेली घर स्थापना गरिनेछ।

३५. हरेक वडामा उद्यमशिलताको माध्यमबाट रोजगारी सिर्जना गर्नका लागि लगु उद्यम कार्यक्रम मार्फत् लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरिनेछ । वित्तीय संस्थासँग समन्वय गरी घरेलु तथा साना उद्योगलाई उत्पादनमुखी बनाउँदै सोको संचालनमा आवश्यक ऋणको लागि विशेष सहुलियतको व्यवस्था मिलाइनेछ।

३६. लघु तथा घरेलु उद्योगको रुपमा गाउँका उत्पादनहरुको संकलन, स्तरिकरण र व्राण्डिङ गरि बजारीकरणको नीति लिइनेछ । परम्परागत पेशालाई आधुनिकिरकण गर्दै सीप नविकरणमा जोड दिइनेछ । पुराना र वास्तविक उद्यमी पहिचान गरी स्तरोन्ति र प्रवर्द्धनमुखी उद्यमीहरु तयार गरिनेछ । चालु आव मा सिप सिक्न चाहाने सुचिकृत व्यक्तिहरुलाई सिपमुलक कार्यक्रममा क्रमस: जोड्दै लगिने छ |

## सहकारी तथा वित्तीय क्षेत्र

३७. नगरपालिका क्षेत्र भित्रका सबै सहकारीहरुको अभिलेख व्यवस्थित गर्नका लागि COPOMISसफ्टवेयर संचालन गरिनेछ।

३८. नगरपालिका भित्रका सबै क्रियाशील सहकारीहरुको मापदण्ड कार्यान्वयन, प्रभावकारी रुपमा नियमन, दर्ता, आवद्दता, प्रतिवेदन, व्यवस्थापन, तालिम प्रशिक्षण, लेखापरीक्षण, र नियन्त्रण नीतिलाई निरन्तरता दिइनेछ ।

३९. सहकारी ऐन र नियमावलीको व्यवस्था अनुसार जैमिनी क्षेत्रका सहकारीहरुलाई संस्थागत क्षमता अभिबृद्धि गर्दै सहकारीको पूंजीलाइ कृषि र उद्योग क्षेत्रमा परिचालन गर्न अभिप्रेरित गरिनेछ ।

४०. नगर क्षेत्रमा स्थापना भएका र हुने वित्तीय संस्थाहरुलाई जनताको आवश्यकतासँग सहज सेवा प्रदान गर्न घुम्ती सेवाको लागि पहल गरिनेछ ।

४१. सहकारी तथा वित्तिय क्षेत्रको विकासका लागि आवश्यक पर्ने सुरक्षा व्यवस्था मिलाइनेछ । उद्देश्यमा एकरुपता भएका सहकारीहरुलाई एकिकृत गर्ने, नीति अवलम्वन गरिनेछ । सहकारीहरुलाई रोजगारीको सिर्जना, वस्तुको उत्पादन र सदस्य सेवा क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्ने नीति लिईनेछ ।

४२. कृषि उत्पादनमा आधारित सहकारी उद्योगको विकास र बजारिकरणका लागि आवश्यक सहयोग उपलब्ध गराईने नीति लिईनेछ ।बाँझो जग्गा जमिनहरु उपयोग हुने गरी सहकारी खेती प्रबर्द्धन कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

## (ख) सामाजिक विकास

## शिक्षा, यूवा तथा खेलकुद

४३. शिक्षा विकासको आधारशिला हो । मर्यादित तथा परिस्कृत जीवन, सम्मानित रोजगार र उद्यम विकासको आधार पनि हो । ज्ञानमा आधारित समाजको माध्यमबाट दिगो संबृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिएको छ । सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि जैमिनी नगरपालिकामा छनौट भएको **लिड स्कुलको** प्रारम्भिक कार्य गरी भौतिक, आर्थिक र शैक्षिक व्यवस्थापनमा जोड दिंदै उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गरिनेछ । बिद्यालयमा वाल बालमैत्री स्थानीय शासन कार्यक्रम क्रमशः लागु गर्दै लगिनेछ । बालविकास सहजकर्तालाई बालमनोविज्ञान सम्बन्धी तालिम दिई सक्षम बनाउने, बालकक्षाहरु व्यवस्थित गरी सुविधा सम्पन्न बनाउँदै बालमैत्री र खेलमैत्री सिकाईमा जोड दिइनेछ ।

४४. पढ्दै कमाउदैको अवधारणालाई अगाडि बढाउनका लागि **एक विद्यालय एक उत्पादन** र विद्यालयमा करेसावारीको व्यवस्था मिलाउने, विद्यालयलाई हरियाली युक्त बनाउन बगैचा निर्माण एवम् विद्यालयहरुमा **Revolving Fund** को व्यवस्था गरी शिक्षकलाई ल्यापटप जस्ता शैक्षिक सामग्री खरिदका लागि मागका आधारमा शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था क्रमशः मिलाइनेछ ।

४५. विद्यालयको एकीकृत शैक्षिक सुचना प्रणालीलाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन विद्यालयलाई जिम्मेवार गराइनेछ। सामुदायिक विद्यालयको सत्यापन कार्य सञ्चालन गरी भौगोलिकता, विद्यार्थी सङ्ख्या तथा आवश्यकताका आधारमा विद्यालय समायोजन गरिने, कक्षा थप/ घट गरिनुका साथै सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, व्यवस्थापन र पुनर्वितरण गरिनेछ। गाभिएका वा बन्द भएका विद्यालयहरुको सम्पत्ती आवश्यकताको आधारमा अन्य विद्यालयमा समायोजन गरिनेछ।

४६. नगरस्तरीय कक्षा ५, कक्षा ८ परिक्षा र एस.ई.ई. को नतिजा सहित विद्यालयको अन्य व्यवस्थापकीय पक्षहरुको साथै नगरस्तर, जिल्ला र केन्द्रमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा विद्यालयहरुको सहभागिता जस्ता विषयहरु र थप सूचक समेतका आधारमा मुल्याङकन गरी हरेक वर्ष **उत्कृष्ट प्र.अ., उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट वर्ष विद्यालय (School of the Year)** का रुपमा सम्मान तथा पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ। सम्बन्धीत वडा कार्यालयसंगको समन्वयमा **उत्कृष्ठ उद्यमी अभिभावक सम्मान कार्यक्रम** गर्ने व्यवस्था अझै प्रभावकारी बनाइनेछ।

४७. स्थानीय परिवेश अनुसारको जीवनोपयोगी सिपमा आधारित मानव मूल्य सहितको कक्षा ६-८ को समेत स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ। स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा बृद्धी गर्नको लागि स्थानीय शैक्षिक सामग्री निर्माण र प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ। साथै राष्ट्रपति रनिङ शिल्ड लगायत नगरस्तरीय अतिरिक्त क्रियाकलाप एवं प्रतिभा पहिचान कार्यक्रमहरु र नगर स्तरिय पढाइ मेला जस्ता कार्यक्रमहरु संचालनमा निरन्तरता दिइनेछ।

४८. आधारभुत तह कक्षा १-८ देखि माथिका माध्यमिक विद्यालयमा क्रमशः **एक विद्यालय एक तालिमप्राप्त कम्प्युटर शिक्षक**को व्यवस्थापन गरिनेछ र नगरस्तरमा **खेल शिक्षक, संगित शिक्षक र विद्यालय नर्स कार्यक्रम**लाई अगाडि बढाउन समन्वय र पहल गरिनेछ साथै विद्यालयमा स्काउट कार्यक्रम अगाडि बढाउन स्काउट आधारभुत तालिम वि.टि.सी र पि.टि.सी. संचालन गरिनेछ।

४९. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न आवश्यकताका आधारमा शैक्षिक सामग्री तथा पाठ्यसामग्रीहरु वितरण गर्नुका साथै वार्षिक शैक्षिक क्यालेण्डर र शैक्षिक योजना निर्माण गरी सम्पुर्ण विद्यालयको शैक्षिक गतिविधीहरुमा एकरुपता कायम गरिनेछ। शैक्षिक सामग्री तथा पाठयोजना सहितको शिक्षक डायरी सहित शिक्षक कक्षाकोठामा प्रवेश अनिवार्य बनाइनेछ। विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सुचना प्रविधि तालिम, विद्यालय लेखा र जिन्सी व्यवस्थापन तालिम तथा प्रअहरुलाई विद्यालय व्यवस्थापन तालिम सञ्चालन गरिनेछ।

५०. विद्यालय बाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरि अनिवार्य रुपमा विद्यालयमा भर्ना सहित निशुल्क र अनिवार्य शिक्षाको प्रत्याभुती गरिनेछ। विद्यालयमा अध्ययन गर्ने सबै **बालबालिकाहरुको बैंक खाता** क्रमशः अनिवार्य गर्ने नीति लिइनेछ।

५१. प्र.अ., बालविकास सहजकर्ता, नगर शिक्षा समिति बैठक व्यवस्थित गर्नुका साथै विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई काम, कर्तब्य र अधिकार सम्बन्धी गोष्ठी र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र सबै सामूदायिक विद्यालयहरुलाई जङ्क फुड निषेधित क्षेत्र घोषणा गरि विद्यालयमा दिवा खाजा कार्यक्रम व्यवस्थित गरिनेछ। कक्षा ६ देखी कक्षा १२ सम्म अध्ययन गर्ने सामूदायिक विद्यालयका सबै छात्राहरुलाई सेनेटरी प्याड व्यवस्था गरिनेछ र डिस्पोजल मेसिनको प्रयोग अनिवार्य गरि विद्यालयमा स्वास्थ्य र सरसफाई मापदण्ड लागु गरिनेछ। सबै माध्यमिक र आधारभुत विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab को व्यवस्था गर्नुका साथै अभिभावक र विद्यालय बिच दैनिक सम्पर्कका लागि मोवाइल एप्स संचालनको शुरुवात गर्ने र सबै सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थासँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ साथै शौचालयको पहुँच पुऱ्याइनेछ।

५२. विद्यालयको भौतिक संरचना मर्मत एवं निर्माण कार्य गर्नको लागि विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार गराउने नीतिलाई निरन्तरता दिइने छ । साथै विद्यालयले सम्पादन गर्ने सबैखाले कार्य समयमै सम्पन्न गर्न प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइनेछ ।

५३. प्राविधिक शिक्षा सञ्चालित विद्यालयमा जेहन्दार विद्यार्थीहरुलाई प्रतिस्पर्धाका आधारमा छात्रवृत्तिका लागि विद्यालयलाई दिइएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ । सबै माध्यमिक विद्यालय र नगरपालिकामा समेत प्राबिधिक तथा व्याबसायिक शिक्षा र तालिम सञ्जाल गठन गरि कार्यक्रमहरु अगाडी बढाइनेछ । शान्तिदीप बहुमुखी क्याम्पसका स्नातक अवलम्वन गरिनेछ ।

५४. शिक्षकको अभावको कारण शिक्षण सिकाई कार्य सञ्चालन हुन नसकेका विद्यालयहरुलाई शिक्षण सिकाई अनुदानको व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ र सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित बनाई विविध किसिमका तालिम सञ्चालन गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ ।

५५. आवश्यकताका आधारमा शिक्षा ऐन, नियम र कार्यविधिहरु निर्माण गरि कार्यान्वयन गरिनेछ ।

५६. खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गर्दै नगरपालिका स्तरीय खेलकुद रङ्गशालाको स्थापनाका लागि सहकार्य र नगर स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदको विकासमा जोड दिइनेछ । साथै **एक वडा एक खेलमैदान** निर्माण कार्यलाई प्राथामिकता दिइनेछ । विभिन्न युवाक्लबहरू तथा युवा लक्षित संघ संस्थाहरूस◌ँग सहकार्य गर्दै युवाहरूमा नेतृत्व विकासको अवसरहरू प्रदान गरिनेछ र युवा लक्षित सीपमूलक तालिम संचालन गरि स्वरोजगारीको अवसर सिर्जना गर्दै दुर्व्यसनीमा फसेका युवाहरुलाई त्यसबाट मुक्त◌ी दिलाउन आवश्यक कदम चालिनेछ ।

५७. विद्यालयको समग्र पक्षको सुधार गर्नको लागि नगरपालिका, विभिन्न गैर सरकारी संघ संस्थाहरुको सहकार्य गर्दै हेम्पेल फाउण्डेशनको आर्थिक सहयोग भिएसओ नेपालको प्राविधिक र विवाइसी बागलुङको व्यवस्थापनमा संचालित **सिकाई परियोजना**को सफल कार्यान्वयनका लागि सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ र जैमिनी नगरपालिका वडा नं. १ स्थित महादिव्य कृषि तथा पशु विकास फर्मसँगको लागत साझेदारी र विद्यालयसँग लागत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## स्वास्थ्य

५८. नेपालको संविधानक◌ो धारा ३५ ले जनताको आधारभुत स्व◌ास्थ्य सेवालाई मौलिक हकको रुपमा लिएको छ । यसमा आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा निशुल्क हुने संव◌ैधानिक व्यवस्था अनुरुप सबै नागरिकलाई सेवाको पहुँच पुर्याई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था बाट उपलब्ध गराईने स्वास्थ्य सेवा चुस्त दुरुस्त र प्रभाबकारी बनाउनुको साथै स्वास्थ्य सेवामा रोग लागेपछि उपचार गर्नु भन्दा रोग नै लाग्न नदिनको लागी प्रबर्धनात्मक, प्रतिकारात्मक सेवामा जोड दिदै नवप्रबर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५९. खोप सेवाको गुणस्तरीयता कायम राख्दै सुक्ष्म योजना सहित पुर्णखोप दिगोपनालाई सुनिश्चित गरिनेछ र कोभिड १९ बिरुद्धको खोप क्रमबद्व रुपले पुरा गराउने तथा पुर्ण खोप न◌ीतिलाई कार्यान्वयन गर्दै लगिनेछ ।

६०. विभिन्न स्वास्थ्य समस्या भएका नागरीकहरुको स्वास्थ्यकर्मीहरु बाट समुदाय स्तरमा तथ्यांक सकंलन गरी बिरामीको स्वास्थ्य परीक्षण र उपचारको शुरुआतको लागि **घरघरमा स्वास्थ्यकर्मी सेवा कार्यक्रम** संचालन गरिनुको साथै **प्रविधिमैत्री उपचार सेवा (टेलिमेडिसिन ) कार्यक्रम** मार्फत नागरिक सम्म विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दे स्वास्थ्य संस्थाहरुमा Electronic Health Record को सुरुवात गर्द◌ै स्वास्थ्य सेवालाई क्रमशः डिजिटलाइजेशन गरिनेछ ।

६१. नगरपालिका क्षेत्रभित्र बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरि पुर्ण पोषित नगरपालिका बनाउन गर्भवती आमा र बच्चाको सुरक्षाका लागि गर्भवतीको साथी पोषण, स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका कार्यक्रमलाई निरन्तरता दिई थप ब्यबस्थित गरिनेछ। गर्भवति भएदेखि १५ महिना सम्म स्वास्थ्यकर्मीको हेरचाहमा पूर्ण पोषण सेवा उपलव्ध गराइनेछ।

६२. सबै स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरुको पदपुर्ति र नेपाने शहरी स्वास्थ्य केन्द्रलाइ आधारभुत स्वास्थ्य केन्द्रमा स्तरोन्नति गर्नुको साथै सुत्केरी र नवजात शिशुको आकस्मिक उपचारका लागि नगर अस्पतालमा CEONC केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ। सड्क दुर्घटनाबाट घाइतेहरुका लागि उपचार सेवा पुर्याउन कालिगण्डकी करिडोर क्षेत्रमा सडक अस्पताल निर्माणको लागि सम्बन्धीत निकायको समन्वयमा जग्गा प्राप्ती गर्न पहल कदमी लिइनेछ। साथै तत्कालका लागि सड्क सहरी स्वास्थ्य केन्द्र स्थापना गरिनेछ।

६३. नगर अस्पतालको पूर्वाधार विकास, प्रभावकारी सेवा बृद्धि र थप प्रबिधिमैत्री बनाइनेछ। सवबाहन व्यबस्थाका लागि आवश्यक समन्वय र पहल गरिनेछ।

६४. सुत्केरी महिला, आकस्मिक बिरामी र जटिल दुर्घटनाबाट जोखिममा परेका नागरिकहरुको उद्धारको लागि सबै वडाहरुमा पहुँच पुग्ने गरी एम्बुलेन्सको व्यवस्थापन गर्नुको साथै हेली उद्धारको लागी बांकी वडा हरुमा क्रमश हेलिप्याड निर्माणकार्यलाई निरन्तरता दिइनेछ।

६५. गर्भको जटिलता पहिचान गरी आवश्यकता अनुसार प्रेषण गर्न घुम्ति सेवा मार्फत  गर्भवतीका लागि ग्रामिण भिडियो एक्सरे सेवा लाई निरन्तरता दिँदै गर्भका कारणले गर्भवती आमा र गर्भको बच्चा जोखिममा परी अस्पताल सम्म प्रेषण गर्नु परेमा आकस्मीक यातायात खर्च दिने कार्यको निरन्तरता दिइनेछ।

६६. सबै स्वास्थ्य संस्थामा अत्यावश्यकीय औषधी तथा औषधीजन्य सामाग्रीको बर्षभरी नै नियमित आपुर्ति गरिनुको साथै प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता र पहुँच बढाउँदै लगिनेछ साथै स्वास्थ्य बिमाबाट प्राप्त हुने औषधिहरुलाइ मेडिकल अधिकृतको उपस्थितीमा घुम्तीसेवा मार्फत पायक पर्ने स्थानबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ।

६७. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमिया लगायत ८ प्रकारका निर्धारित रोगको उपचारको लागि रु. १,००,०००। (एक लाख) सम्मको सहुलियत सहितको विपन्न नागरिक उपचार गराउने सिफारिस तथा मृगौलाको प्रत्यारोपण, डाईलाईसिस, क्यान्सर, स्पाईनल ईन्जुरीका बिरामीहरुले प्रति महिना पाउने रु. ५०००। (पाँच हजार) उपचार खर्च प्राप्त गर्न सहज व्यवस्था गरिनेछ।

६८. विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच समुदाय स्तरसम्म विस्तार गर्न एकीकृत स्वास्थ्य शिविर संचालन गरिनुको साथै प्रजनन स्वास्थ्यबाट पीडित महिलाहरुको लागि घुम्ती शिविर मार्फत सेवा प्रदान गरी पाठेघरको निशुल्क अपरेशन सम्मको व्यवस्था मिलाइनेछ।

६९. सुरक्षित गर्भपतन सेवा प्रदायक संस्थाबाट प्रदान गरिने सेवामा एकीकृत प्रजनन स्वास्थ्य परामर्श केन्द्रको रुपमा संचालन गरी आबश्यकता अनुसार संस्था सुचीकरण गरी सेवा प्रदायक संस्था बृद्धि गरिनेछ।

७०. नगरपालिका भित्रका सुगर र प्रेसरका विरामीहरुलाई निशुल्क औषधिको अतिरिक्त थप २ प्रकारको औषधिको व्यबस्था मिलाइनेछ। स्वास्थ्य सेवाको पहुँच कम भएका दुर्गम वस्ती तथा जोखिमयुक्त स्थानमा क्षयरोग र कुष्ठरोगका बिरामीको खोजपड्ताल कार्यक्रम संचालन गरिनेछ।

७१. नगरपालिका भित्र रहेका विद्यालयका किशोरकिशोरी उमेर समुहका बिद्यार्थीहरुलाई स्थानीय स्वास्थ्य संस्था र विद्यालयसँगको समन्वयमा बिद्यालय नर्स कर्यक्रम, पोषण सेवा, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक

स्वास्थ्य शिक्षाका कक्षाहरु संचालन गरिनेछ । स्वास्थ्य सँग सम्बन्धीत कार्यक्रमहरुमा वि वाइ सी बागलुङ लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

७२. महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाले समुदायमा गरेको सेवालाई उच्च सम्मान गर्दे स्वयंसेविकालाई उपलब्ध गराउँदै आएको यातायात खर्च तथा स्वास्थ्य बिमा मार्फत प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिनुको साथै अन्तरपालिका अध्यन अवलोकन भ्रमणको व्यवस्था गर्दे लगिनेछ ।

७३. धौलागिरी अस्पतालमा नर्सिङ कलेज स्थापनाका साथै साविकको धौलागिरी क्षेत्रलाई मध्यनजर गरि धौलागिरी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाका लागि सम्बन्धीत निकायहरुसँग समन्वय गरिनेछ ।

## आयुर्वेद स्वास्थ्य

७४. आयुर्वेद उपचार पद्धतिको उचित प्रवर्धन र प्रयोग गर्दै आयुर्वेद औषधालयहरुबाट प्रदान गरिने सेवालाई चुस्त र प्रभावकारी बनाइने छ । आयुर्वेद पद्धती मार्फत उपचारात्मक, प्रबर्धनात्मक तथा प्रतिकारात्मक सेवा प्रदान गरिनेछ साथै प्रभावकारी उपचार हुने रोगहरु तथा नसर्ने रोगहरुको व्यवस्थापनको लागि आहार विहार, दिनचर्या, ऋतुचर्या, जडिवुटी, योग तथा जिवनशैली व्यवस्थापन आदिको उचित प्रयोग गर्न प्रोत्साहन गरिनेछ र उपकरण र औषधीको व्यवस्था गरिनेछ।

७५. आयुर्वेद चिकित्सा पद्धती र स्वस्थ जिवनशैली सम्बन्धी प्रचार प्रसार साथै नगरपालिकाका सबै वासिन्दाहरुलाई सेवाको पहुँचका लागि नागरिक आरोग्य सेवा क्लिनिकको माध्यमबाट मासिक वा पाक्षिक रुपमा सेवा सञ्चालन गरिने छ । विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. विभिन्न सर्ने तथा नसर्ने रोग रोकथामको लागि आयुर्वेद चिकित्सा पद्धतिको उचित प्रयोगको व्यवस्था र रसायन औषधी वितरण कार्यक्रम सञ्चालन गरिनेछ । स्तनपायी आमा तथा ६ महिना मुनिका बच्चाको स्वास्थ्य प्रबर्धनका लागी स्तन्यबर्धक औषधी वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । चूर्ण औषधी उत्पादन र वितरणलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन आवस्यक कार्य गरिनेछ ।

७७. कार्यालयको भौतिक पूर्वाधार तथा व्यवस्थापकीय पक्ष सुधार गर्दै पूर्वकर्म, वस्तिकर्म ( जानु, ग्रीवा, मात्रा,कटि) , नस्यकर्म तथा शिरोधारा सेवा र सर्वाङ्ग स्वेदन जस्ता सेवा थप गरी प्रवाह गरिनेछ ।

## खानेपानी तथा सरसफाई

७८. नगरपालिकामा खानेपानी सरसफाई र स्वच्छताका लागि यसै वर्ष वास प्रोफाइल तयार गरी आवश्यक मर्मत सुधार गर्दै स्वस्थ खानेपानीको सुनिश्चितता र सम्पूर्ण नगरवासीको व्यवहार तथा आनिबानीमा परिवर्तन ल्याउन नगरलाई पूर्ण सरसफाई उन्मुख नगर बनाउने र सबै वडाका टोल, वस्ती, घर, आँगन, धारा, टंकी र मुहानको सरसफाईलाई अभियानको रुपमा संचालन गर्दै लगिनेछ । सार्वजनिक स्थानमा खानेपानी तथा शौचालयको पहुंच पुऱ्याइनेछ । व्यक्तिगत तथा सामुदायिक सरसफाईलाई व्यवस्थित गर्दै सरसफाईयुक्त टोल वस्ती, वडा घोषणाको नीति अवलम्वन गरिनेछ ।

७९. एक घर एक धारा कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ । स्थानीय स्तरका मुल, कुवा, धारा र पोखरी संरक्षणमा जोड दिइनेछ । जीर्ण तथा आंशिक रुपमा संचालनमा रहेका खानेपानी आयोजनालाई पुनर्निर्माण वा मर्मत सुधार गरि पूर्णरुपमा संचालनमा ल्याईनेछ । जलवायु परिवर्तनको प्रतिकुल प्रभावलाई ध्यानमा राखि स्थायी श्रोतहरुको खोजी गरि खानेपानीको आपूर्तिलाई भरपर्दो र दिगो बनाइनेछ ।

८०. स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको मौलिकहकलाई सुनिश्चित गर्न खानेपानी आयोजनामा उपभोक्ताहरुको लागत सहभागिता रहने सुनिश्चित गर्नुका साथै पिउने पानीको गुणस्तरीयता जाँच अनिवार्य गरिनेछ।

८१. प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) र ब्रिटिस वेलफेयर लगायतका गैर सरकारी संघसंस्थाबाट यस नगरपालिकामा संचालनमा रहेका योजनाहरूमा नगरपालिकाबाट आवश्यक सहयोग र समन्वय गरिनेछ। श्रोत अभाव भएका वस्तीहरुमा प्रविधिको प्रयोग गरि लिफ्टीङ खानेपानी योजना संचालन गर्न समन्वय र पहल गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

८२. दिगो विकास र आर्थिक समृद्धिका लागि महिला तथा पछाडि पारिएको समुदायको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै विकासका सम्पुर्ण लाभको उपभोगमा सबैको समान अधिकार सुनिश्चित गर्न महिला, दलित, अल्पसंख्यक, विपन्न, लोपेन्मुख सिमान्तकृत (जस्तै चेपाङ, बोटे, गन्दर्भ ) र पछाडि पारिएको समुदायको खण्डीकृत तथ्यांक (लिङ्ग, उमेर, जातियता, अपाङ्गताको अवस्था आदिको) संकलन गरि सोको आधारमा बजेट र कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।

८३. महिला, बालबालिका, आदिवासी जनजाति, दलित, मुस्लिम पिछडिएको वर्ग, अपाङ्गता, यौनिक अल्पसंख्यक महिला, दलित तथा लैगिक एवं विपन्न वर्गको समानुपातिक एवं अर्थपूर्ण सहभागिताका लागि लैससास रणनीति तयार गरी क्षमता विकास, नेतृत्व विकास एवं आर्थिक सशक्तिकरणका लागि विभिन्न दिवशीय कार्यक्रमहरु सहित अन्य आवश्यक कार्यक्रम संचालन गरिनेछ।

८४. लैससास बारे संविधानमा भएका व्यवस्था वर्तमान संघीय शासन स्वरुप नीति, नियम, ऐन, कानुन, कार्यविधि साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं घोषणापत्र प्रावधानहरु प्रभावकारी रुपमा अनिवार्य कार्यान्वयन गरिनेछ। एवं दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लगिनेछ।

८५. महामारी, आपतकालिन अवस्था, प्राकृतिक प्रकोप, प्रकोप पूर्व तयारी एवं उद्धार कार्यमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको पक्षलाई समेत कार्यान्वयन गरिनेछ।

८६. हरेक वर्ष नगरपालिकाबाट संचालित कार्यक्रम र आयोजनाहरुको लैससास परीक्षण गरी लैंगिक उत्तरदायी बजेटलाई संस्थागत गर्दै लगिनेछ।

८७. अधिकारमुखी, पिडित/प्रभावितमुखी अवधारणलाई अंगाल्दै लैङ्गिक विभेदमा आधारित सबै प्रकारका विभेद र हिंसाका घटनाहरुलाई निरुत्साहित गर्न लैङ्गिक हिंसा मुक्त बनाउन ठोस कार्ययोजना एवं स्रोतको व्यवस्थापन गरि कार्यक्रम संचालन गरिनेछ। साथै लैङ्गिक हिंसा निवारण जोड कोषका लागि बजेट व्यवस्था गरिनेछ। नगर क्षेत्र भित्रका हिंसा पीडित, महिला बालबालिकाको पुनर्स्थापना तथा उद्धार गर्ने नीति अवलम्वन गरिनेछ।

८८. नगरपालिकाले आयोजना गरेको विज्ञ सम्मेलनको १३ बुंदे घोषणापत्रलाई आधार मानी लैससास नीति अवलम्वन गरिनेछ।

८९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि जैमिनी नगरपालिकाले गरेको १० बुंदे प्रतिवद्धताको क्रमशः कार्यान्वयन गर्दै लगिने छ।

९०. बालबालिकाको समग्र विकासका लागि बालक्लव, बाल संजाल गठन गरि कार्यक्रम संचालन गरिनेछ। साथै बालविबाह मुक्त नगर, बाल श्रम मुक्त नगर एवं बालमैत्री स्थानीय नगर घोषणाका लागि आवश्यक बजेट तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

९१. परम्परागत पेशा, सीप र व्यवशायलाई प्रोत्साहन गरी गरिबी न्यूनिकरणमा जोड दिइनेछ। जातिय विभेदको अन्त्य, सामाजिक कुरीति प्रथा परम्परा र क्रियाकलापहरु विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

९२. अपाङ्गता एवं जेष्ठ नागरिक परिचयपत्र वितरणका लागि सबै वडामा घुम्ती शिविर संचालन गरिनेछ । ज्येष्ठ नागरिकहरुको अनुभव आदानप्रदान सम्मान र मानसिक स्वास्थ्यलाई प्रबर्द्धन गर्न ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।

९३. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनमा सहजता ल्याउन आवश्यकता अनुसार अपाङ्गता सहायता सामाग्री वितरण गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि सरोकारवाला निकायसँगको समन्वयमा अपाङ्गता सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

९४. जैमिनी नगरपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्गता, बालबालिका, ज्येष्ठ नागरिक, महिला मैत्री बनाउदै लगिनेछ ।

## सामाजिक सुरक्षा व्यवस्थापन

९५. विद्युतिय माध्यमबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नेपाल सरकारको रणनीति अनुसार पूर्णरुपमा बैंकिङ प्रणाली बाट प्रत्येक वडामा घुम्ती शिविर सञ्चालन गरि वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिइनेछ ।

९६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली सुदृढिकरण गर्दै अनलाईन घटना दर्ता प्रणाली सबै वडा कार्यालयहरुमा प्रयोगमा ल्याइनेछ । हस्तलिखित व्यक्तिगत घटनादर्ता तथ्यांकलाई डिजिटलाईजेशन प्रणालीमा प्रविष्ट गरिनेछ ।

९७. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी जनचेतना फैलाउनको लागि संचार, पहुंच अभियान र व्यक्तिगत घटना दर्ता सप्ताह संचालन गरिनेछ ।

## श्रम, रोजगार प्रबर्धन र विकास

९८. यस नगरपालिका भित्र रहेका तर गत आ.व.मा बेरोजगार सूचीमा सूचीकृत हुन नसकेका बेरोजगार व्यक्तिहरुलाई सूचीमा सूचिकृत हुनका लागि **श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम** सञ्चालन गरिनेछ । बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन एवं विश्लेषण गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) अध्यावधिक र व्यवस्थित गरिनेछ । नगरपालिका वा वडाबाट छनौट भएका मानवीय स्रोत र साधनहरुको प्रयोग हुने योजनाहरुमा सूचीकृत बेरोजगारहरुलाई परिचालन गर्ने नीति तय गरिनेछ भने आ.व. २०८१/०८२ बाट सूचीकृत भएका व्यक्तिहरुलाई मात्रै सो प्रकृतिका योजनाहरुमा संलग्न गराइ तथ्याङ्क अध्यावधिक र व्यवस्थित गरिनेछ ।

९९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । यस्तो साझेदारीमा आवश्यक कार्यनीति बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।

१००. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको सहजीकरणको कार्यलाई सहज र प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ । वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको ज्ञान, सीप, पुँजीको समुचित प्रयोग गरी स्वरोजगार उन्मुख बनाउनका लागि उद्यमशिलता विकास एवं सीप विकासका कार्यक्रम सञ्चालन र निशुल्क सीप परीक्षणको व्यवस्था गरिनेछ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

१०१. रोजगारी सृजना गर्ने सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरेका स्थानीय स्तरमा क्रियाशिलि निजी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरी बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाइनेछ । स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि

पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

१०२. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्धन गर्न आवश्यक सिप पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ। स्थानीय तहभित्र रोजगारी सृजना गर्ने कार्यक्रम छनौट तथा सञ्चालनका लागि समन्वय गरिनेछ।

१०३. बजारको माग अनुसारको जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत मन्त्रालय र व्यवसायिक तथा सीप विकास तालिम केन्द्र/प्रतिष्ठानसँगको समन्वयमा व्यावसायीक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. संघ तथा प्रदेश सरकारले तय गरेका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

१०५. वैदेशिक रोजगारीमा रहेका र जान लागेकालाई आफ्नो एक प्रति कागजात घरमै छाड्न र विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप, पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक बद्धिमा टेवा पुर्याइनेछ। त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरि पुन एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा व्यवस्थापनको लागि कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ साथै विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नको लागि उत्प्रेरित गरिनेछ। वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गुमाएका परिवारका सन्तानहरुलाई दोहरो नपर्ने गरि छात्रवृत्ती सहायता प्रदान गर्ने व्यवस्था गरिनेछ।

१०६. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ।

## (ग) पूर्वाधार विकास

### पूर्वाधार विकास

१०७. जैमिनी नगरपालिकालाई पूर्वाधारको क्षेत्रमा प्राप्त हुने स्रोतसाधन संघीय तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी स्वीकृत आयोजना तथा कार्यक्रमको लागि प्राप्त बजेटलाई नगरको आवश्यकता, प्राथमिककता र उपयोगिताको आधारमा न्युन लागतमा अधिकतम प्रतिफल हुनेगरी पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गरिनेछ। जैमिनी नगरपालिकाको दीर्घकालिन सोच र नीति अन्तर्गत रही नगरपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य उद्देश्य पूरा हुनेगरी नगरपालिकाको सडक गुरुयोजना तयार गरी प्रयोगमा ल्याइने छ।

१०८. विज्ञ सम्मेलनबाट सडक पुर्वाधारको लागि प्राप्त सुभावको आधारमा दिगो, वातावरण मैत्री, उत्पादन र रोजगारीमा टेवा पुर्याउने गरी सडक पुर्वाधारको विकासम जोड दिइने छ। नगरपालिकाबाट बिकट क्षेत्र र अति आवश्यक देखिएका वस्ती केन्द्र जोड्ने आवश्यक सडक बाहेक नयाँ सडक खोल्ने कार्य पुर्ण रुपमा बन्द गरीनेछ। सडक निर्माणमा संघीय र प्रादेशिक स्तरबाट सञ्चालित योजनाहरुमा दोहोरो नपर्ने गरी बजेट विनियोजन गरिनेछ।

१०९. नगरपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म र नगरका मुख्य पर्यटकीय एंव सांस्कृतिक महत्वका क्षेत्र जोडने सडकलाई संघीय र प्रदेश सरकारको समेत सहकार्य र समन्वयमा स्तरोन्नती गर्दै कालोपत्रेको स्तर सम्म पुर्याउन विशेष प्राथमिकता साथ कार्य गरिनेछ। नगर भित्रका सबै सडकहरुलाई मुख्य सडक, सहायक सडक र टोलवस्ती स्तरका सडकमा विभाजन गरी प्राथमिकीकरण गरी स्तरोन्नती गरिदै लगिनेछ। जैमिनी नगरपालिकाबाट विगतको वर्षहरुदेखि सञ्चालनमा रहेका १३ वटा दिगो सडकहरुलाई क्रमश सुधार विस्तार गरिदै लगिनेछ।

११०. नगरभित्रका कच्च ी सडकहरु वर्षाको पानी, बाढी र पहिरोको कारण क्षतिग्रस्त भई वर्षेनी मर्मत सुधार गर्न ठूलो खर्च गर्नु परेकोले मर्मत सुधारको कार्यलाई व्यवस्थित, मितव्ययी र प्राथमिकताका आधारमा मर्मत सुधार गर्न वडास्तरमा रहेका वडागत मर्मत सुधार कोषमा नै बजेट व्यवस्थापन गर ी प्रभावकारिता अभिवृद्धि गरिनेछ। नगरपालिका भित्रका विभिन्न वडाबाट नगरको केन्द्र सम्म र केन्द्रबाट बाहिर जाने सबै सडकहरुमा चल्ने सवारी साधनहरुको भाडा दरको समायोजन गरी लागू गरिनेछ।

१११. दिगो र वातावरण मैत्री सडक पुर्वाधार निर्माण तथा सुधार कार्यका लागि नाली निर्माण, तारजाली, पानी र घुम्ती सुधार जस्ता कार्यहरुलाई उच्च प्राथमिकता दिई कार्य गरिनेछ। जलाधार तथा महत्वपूर्ण वन सम्पदालाई असर पर्ने गरी निर्माण गरिने सडक तथा अन्य पूर्वाधार निर्माण कार्यलाई निरुत्साहित गरिनेछ।

११२. जैमिनी नगरपालिका भित्र आयोजना छनौट भई स्वीकृत भएका एवम् निर्माण कार्यको प्रारम्भिक चरणमा रहेका र अलपत्र अवस्थाका सडकहरुको छिटो र प्रभावकारी कार्य सम्पादनको लागि सरोकारवाला निकाय सँग आवश्यक समन्वय गरिनेछ।

११३. नगर भित्रका प्रमुख सडकहरुमा आवश्यक पर्ने मोटरेवल पुलहरुको पहिचान भएका स्थानहरूमा प्राथमिक ीकरण गरि क्रमश कार्यान्वयनको लागि पहल गरिनेछ। आगामी वर्षमा संघिय सरकार मार्फत कार्यान्वयन गर्ने गरी स्वीकृत भएका जुम्लीखोला, टिमुरखोला र रुम्टाखोला मोटरेवल पुलको शीघ्र कार्यान्वयनको लागि सरोकारवाला निकायमा पहल गरिने छ।

११४. लामो तथा छोटो तरी का सबै झोलुङ्गे पुलहरुको सूची अधावधिक गरिनेछ। उक्त सूचिबाट प्राथमिकताको आधारमा निर्माण तथा मर्मत सुधार गर्दै लगिनेछ। चालु तथा आगामी आवको प्रथम चौमासिक भित्र निर्माणधिन ५ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्य पुरा गरिनेछ। निर्माण सम्पन्न भै सकेका झोलुङ्गे पुलहरुको संरक्षक मार्फत नियमित मर्मत संभारको व्यवस्था मिलाइनेछ।

११५. आगामी आवमा सर्वे डिजाइन भैसकेका र गर्नुपर्ने पुलहरुको सर्भे डिजाईन तयार गरी सरोकारवाला निकायमा पठाइनेछ। झोलुङ्गे पुलको क्षेत्रमा काम गर्ने संघीय र प्रादेशिक मन्त्रालय, झोलुङ्गे पुल ईकाई कास्की, पोखरा र साझेदार गैर सरकारी संस्थास ँग आवश्यक समन्वय र सहयोग गर्दै झोलुङ्गे पुलको निर्माण तथा ब ृहत मर्मत संभारको कार्य अगाड ि बढाइनेछ।

११६. जैमिनी नगरपालिकाक ो निर्माणाधिन आवधिक योजनामा सूचीकृत हुन आउने सबै सिचाँई आयोजनाहरुलाई प्राथमिकताको आधारमा निर्माण तथा मर्मत सुधार गर्दै जाने नीति अवलम्वन गरिनेछ। वडास्तरमा रहेका महत्वपूर्ण स-साना सिचाईं आयोजनाहरुको निर्माण सुधार गर्दै व्यवस्थित सिचाईको व्यवस्था मिलाइनेछ। निर्माण सुरु भईसकेका ठुला आय ोजनाहरु को समयमै निर्माण सम्पन्न गर्न प्रभावकारी अनुगमनका साथै संघ र प्रदेश सरकारस ँग आवश्यक समन्वय गरिनेछ।

११७. निर्माण सम्बन्धी भवन निर्माण तथा सडक मापदण्ड, २०७८ लाई आधार मानी भवन तथा घरको निर्माणमा पुर्ण नक्सा पास गर्ने कार्य अनिवार्य रुपमा लागू गरिनेछ। जैमिनी नगरपालिका अन्तर्गतका बजार क्षेत्रमा मापदण्ड विपरीत बनेका घर टहरा हटाई व्यवस्थित शहर निर्माण गर्ने नीति लिइनेछ। नगर क्षेत्रभित्रको रिङरोडको अवधारणाका आधारमा बजार क्षेत्र विस्तार गर्ने नीति लिइनेछ।

११८. नगरपालिकामा रहेका घरविहिन विपन्न परिवार, विपद्बाट आवास गुमाएका परिवार तथा गोठ र छाप्रामा बसोबास गर्ने परिवारलाई व्यवस्थित आवासको व्यवस्था मिलाइनेछ। जैमिनी नगरभित्र खर तथा फुसका छाना भएको घरमा बसोवास गर्ने परिवारको लागि टिनको छाना उपलब्ध गराउने नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११९. जैमिनी नगरपालिकामा निर्माणधिन प्रशासकीय भवन र निर्माण शुरु गरिने प्रशासनिक भवनहरूको निर्माणलाई गति प्रदान गरिनेछ। नगरपालिका भित्रका विद्यालयहरुमा विभिन्न व्यवस्थित भवन निमाण गर्ने नीति अवलम्वन गरिनेछ।

१२०. नगरपालिकाका पुर्वाधारहरूमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरि आवश्यक प्रबन्ध मिलाइनेछ। नगर भित्रको पूर्वाधार निर्माणलाई दिगो र गुणस्तरीय वनाउनको लागि पूर्वाधार ल्याबको स्थापना गरिनेछ।

**लघु तथा साना जलविद्युत र वैकल्पिक उर्जा**

१२१. नगरका मुख्य मुख्य बजार क्षेत्र र सार्वजनिक भवन लगायतका मुख्य स्थानहरुमा सौर्य वत्ति/स्मार्ट लाइट जडानको कार्यलाई निरन्तरता दिइनेछ। संघीय सरकार र प्रदेश सरकारको समन्वयमा नगरपालिका क्षेत्र भित्र सरकारी तथा सामुदायिक विद्युतिकरण भैसकेका सबै वडाहरुमा काठेपोल विस्थापन गरी फलामे पोल राख्ने कार्य सम्पन्न गरिनेछ।

१२२. जैमिनी नगरपालिका भित्र रहेका १० वटा विभिन्न लघु जलविद्युत आयोजनालाई प्रचलित ऐन, नियमको विपरित नहुने गरि व्यवस्थित ढंगबाट संचालन गर्ने गरि नियमन गरिनेछ। निजी क्षेत्रबाट उत्पादित विद्युतको रोयल्टी यस नगरपालिकाले समेत पाउने गरि सरोकारवाला निकायसँग समन्वय गरिनेछ।

१२३. नगर क्षेत्र भित्र पहुँच नपुगेका क्षेत्र, वर्ग र समूह सम्म नविकरणीय उर्जा र यसको प्रविधिको पहुंच वढाई जीवनस्तरमा सुधार र रोजगारीमा बृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।

१२४. वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र यससँग कार्य गर्ने गैरसरकारी निकायको समन्वयमा जैमिनी नगरक्षेत्र भित्र मागको आधारमा बायोग्यास जडानको कार्यलाई अगाडी वढाइनेछ।

**सूचना तथा संचार**

१२५. जैमिनी नगरपालिकाका सबै वडाका वस्ती, टोल र संस्थाहरुमा सरल र सस्तो रुपमा सहज पहुँच भएको संचार सेवा पुर्याउन सरकारी तथा निजी क्षेत्रका सबै सेवा प्रदायक संस्थासँग समन्वय र सहकार्य गर्दै सूचना प्रविधि तथा संचारको क्षेत्रलाइ व्यवस्थित गर्ने नीति अवलम्वन गरिनेछ।

१२६. सूचना प्रविधिको प्रयोगमा बृद्धि गर्दै फाईलहरुलाई लामो समयसम्म सुरक्षित राख्ने डिजिल माध्यमको प्रयोग गरिनेछ। नगरपालिकाका हरेक सूचना समाचार, कार्यक्रमहरु वेव साइट, मोवाइल एप्स, डिजिटल नोटिश बोर्ड, अडियो नोटिस बोर्ड, फेसवुक आदि मार्फत नियमित अध्यावधिक गरि सूचना सम्प्रेषणमा सुदृढिकरण गर्दै पारदर्शिता कायम गरिनेछ। सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोगबाट सुदृढिकरण गरि छिटो छरितो तथा विश्वसनियता कायम गरिनेछ ।

१२७. सबै कर्मचारीहरुलाई क्षमता अभिबृद्धि गर्न कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी तालिम दिने व्यवस्था गरिनेछ। सूचना प्रविधिको उच्च प्रयोग गर्दै सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी र प्रभावकारी तथा प्रविधिमैत्रि बनाउन संचालनमा रहेका राजस्व शाखा, योजना, जिन्सी, दर्ता चलानी शाखा व्यवस्थापनमा सफ्टवेर प्रणालीहरुलाई सुदृढिकरण गरिनेछ।

१२८. नगर भित्रका संचार माध्यमहरुको संस्थागत क्षमता अभिबृद्धिमा सहयोग पुर्‍याइनेछ। राष्ट्रिय तथा जिल्ला स्थित संचार माध्यमहरुसँग सहकार्य गरिनेछ। नगरपालिका क्षेत्रमा इन्टरनेटको पहुँचलाई सर्वसुलभ बनाउनको लागि नगरपालिकाको केन्द्रमा Free Wifi को व्यवस्था गरिनेछ।

१२९. नगरपालिकामा सहज रुपमा सेवा प्रवाह गर्नका साथै सेवाको प्रक्रिया सम्बन्धी सम्पुर्ण जानकारी डिजिटल रुपमा प्रस्तुत गर्नको लागि डिजिटल नागरिक वडापत्र )Digital Citizen Charter) को प्रयोग गरिनेछ। नगरपालिका परिसरमा हुनसक्ने आपराधिक क्रियाकलापहरुको निगरानी गर्नको लागि नगरपालिका केन्द्रको मुख्य मुख्य क्षेत्रमा CCTV जडान गरिनेछ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

### वन, वातावरण र भूसंरक्षण तथा विपद् व्यवस्थापन

१३०. गर्मी एवं वर्षा मौषममा आउन सक्ने विपद्हरु आगलागि, बाढी, पहिरो, चट्याङ र महामारी आदिको न्यूनिकरणको लागि जनचेतना अभिबृद्धि गर्ने र यस्ता प्राकृतिक प्रकोपबाट बच्नको लागि स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनिकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ। जलवायु परिवर्तनको असर सम्बन्धमा चेतनामुलक कार्यक्रम र जलवायु अनुकुलनका क्रियाकलापहरु संचालन गरिनेछ। विपद् नियन्त्रणका लागि साझेदारी अभियान संचालन गरिनेछ।

१३१. विपद् प्रतिकार्य योजना तयार, विपद् पुर्व तयारी सामाग्री (एम्बुलेन्स सहित) व्यवस्थापन जस्ता कार्यहरुलाई प्राथमिकतामा राखी प्राकृतिक विपद्लाई न्युनिकरणका साथै विपद् बाट हुने क्षतिलाई कम गरिनेछ। जलउत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन गर्न नगरपालिका स्तरमा रहेको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ। विपद् द्वारा क्षति भएमा तत्काल राहत तथा उद्दार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१३२. मनसुनजन्य विपद् तथा आगालागी मार्फत पुननिर्माण गर्नुपर्ने आवास भवनहरुको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१३३. विपद् जोखिम क्षेत्रको पहिचान गरि प्रभावमा आधारित मौसम पुर्वानुमानको जानकारी गराइने परियोजनको लागि कल सेन्टरको समेत प्रयोग गरिनेछ।

१३४. विपद्ले निम्त्याउन सक्ने सम्भावित जोखिमको पहिचान गरि उत्थानशिल विकास, वृक्षारोपण, हावापानी र माटो सुहाउँदो खेति, डालेघाँस नर्सरी, टोल वस्तीहरु सफा र सुन्दर बनाउने अभियान जस्ता कार्यलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

१३५. भु गर्भविदहरुको अध्ययन र विश्लेषणका आधारमा विपद्को कारणले जोखिममा परेका वस्तीहरुको पुर्नस्थापना, स्थानान्तरण र संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३६. जैमिनी नगर क्षेत्रभित्र रहेका पौराणिक पोखरी संरक्षण, वरपिपल चौतारी संरक्षण, वरपिपल रोप्ने कार्यलाई प्रश्रय दिने र विश्रामस्थल निर्माण गर्न अभिप्रेरित गर्ने नीति अवलम्वन गरिनेछ। सबै वडा, टोल, वस्तीहरु सफा र सुन्दर बनाउने अभियानमा जुट्न नगरवासीहरुलाई प्रोत्साहन गरिनेछ। यस कार्यलाई प्रतिष्पर्धी बनाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ। वन क्षेत्रबाट हुने अवैध चोरी निकासीलाई बन्देज गरिनेछ।

### फोहरमैला व्यवस्थापन

१३७. "जैमिनी नगरपालिका हरियाली नगरपालिका" को नारालाई सार्थक तुल्याउन वातावरणमैत्री स्थानीय शासनलाई अगाडि बढाउदै सोको अवलम्वन गर्न १० वटै वडामा हरियाली प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ। फोहरमैला संकलनको लागि बजार क्षेत्रमा मात्र केन्द्रीत नभई ग्रामीण क्षेत्रमा समेत सेवा विस्तार गर्दै लैजाने नीति अवलम्वन गरिनेछ।

१३८. फोहरलाई स्रोतमा वर्गीकरण गर्ने उर्जामा रुपान्तरण गर्ने प्राङगारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मासात गरिनेछ । त्यसका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग सहकार्य गर्ने र सरकारी, गैह्रसरकारी निजी तथा सहकारी क्षेत्रसँग विशेष साझेदारीको नीति अवलम्वन गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ । आवश्यकताको आधारमा फोहरमैला व्यवस्थापनमा उत्कृष्ट स्थानको भ्रमण समेत गरिनेछ ।

१३९. फोहरको पुनः उपयोग र वैज्ञानिक व्यवस्थापन (Waste Management Plant) गर्ने नीति बमोजिम कार्यक्रमहरु अवलम्वन गरिने छ । प्लाष्टिकजन्य वस्तु तथा पदार्थको नियन्त्रण र प्रयोगमा न्यूनिकरण गर्दै लैजाने नीति अवलम्वन गर्नुका साथै ४० माइक्रोन भन्दा कम तौलका प्लाष्टिक झोलालाई बन्देज गरिनेछ ।

१४०. जैमिनी नगरपालिका अन्तर्गतका बजारलाई  सफा, व्यवस्थित, सुन्दर बनाउन निर्धारित शुल्क लिई फोहरमैला व्यवस्थापन कार्य प्रभावकारी बनाइने छ । सरसफाईको अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने साथै अनुगमन गर्दा निश्चित स्थान भन्दा वाहिर फोहर फाल्नेलाई जरिवाना तथा सजाय गर्ने नीति अवलम्वन गरिनेछ ।

१४१. फोहर विशर्जन स्थानहरुको पहिचान गरि गुरुयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

**(ङ)सुशासन तथा संस्थागत विकास**

१४२. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीहरुको उपयुक्त संख्या र जिम्मेवारी प्रदान गरिनेछ । नगरपालिको क्षमता विकास योजना बनाई लागु गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्धि गर्न तालिम तथा अध्ययन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछन् । नागरिकहरुलाई सहज र सरलरुपमा न्याय प्रदान गर्न गठित न्यायिक समितिलाई साधन, स्रोत सहित आवश्यक तालिमको व्यवस्था मिलाइनेछ । न्याय सम्पादन प्रकृयालाई सरलीकृत गरिनेछ ।

१४३. नगरपालिकामा संचालित नागरिक सहायता कक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । जैमिनी नगरपालिका परिसर भित्र नक्शांकन सहितको सुचनापाटीलाई थप परिस्कृत गर्दै लगिनेछ । नगरपालिकाको संस्थागत क्षमता बृद्धिका लागि भौतिक पूर्वाधार तथा संस्थागत संझना (Institutional Memory) अभिलेख प्रणालीलाई व्यवस्थित गरिने छ।

१४४. नगरको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई नगर बालश्रम, बिद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध सिमाना, होटल, दुध डेरी, मासु पसल, औषधि पसल लगायतका नागरिकका जनजिवीकासँग सम्बन्धीत विषयलाई प्रचलित कानूनको अधिनमा रहि कडाइका साथ  अनुगमन गरि स्थानीय सरकारको अनुभूति गराइनेछ ।

१४५. प्रत्येक वडा कार्यालयलाई पूर्वाधार सम्पन्न बनाई सेवाप्रवाहलाई व्यवस्थित बनाइनेछ । वडास्तरसम्म ईमेल, इन्टरनेटको सुविधा सहज बनाइनेछ । सामाजिक न्याय, समानता, उपलब्ध स्रोतसाधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिई कार्यक्रमहरु निर्धारण र सन्चालन गरिनेछ ।

१४६. योजना बन्ने तर समयमै सम्पन्न नहुने प्रवृति निरुत्साहित गरिनेछ । योजना कार्यान्वयनका लागि बार्षिक कार्ययोजना बनाई नतिजा प्राप्तिलाई सुनिश्चित गरिनेछ । स्वीकृत योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको बैशाख मसान्त भित्रै सम्पन्न गरिसक्ने नीतिलाई अझै प्रभावकारी वनाइनेछ । साथै आवधिक योजना र मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याइनेछ ।

१४७. नीति तर्जुमादेखि कार्यान्वयन सम्मका सबै चरणलाई पारदर्शी, जवाफदेही र पुर्वानुमान योग्य बनाइनेछ । योजना अनुगमनको बार्षिक कार्यतालिका र सूचक निर्माण गरि परिणाममुखी अनुगमनलाई प्राथमिकता दिंदै अनुगमन र मुल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ ।

१४८. राष्ट्रसेवक कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापनयोग्य सूचक सहितको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली निर्माण गरि कार्य गर्न प्रोत्साहित गर्ने र नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ।

१४९. नागरिक र सेवाग्राही बिचमा सेवा प्रवाह, स्रोत र साधन विच सामन्जस्यता कायम गर्न र नगरपालिकाले गरेका कामको जानकारी तथा सुझाव संकलन गर्नको लागि संवाद, छलफल र सुनुवाईका विधिहरु अवलम्वन गरिनेछ। यस नगरपालिकाले पारदर्शिता, सदाचार र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायतका जवाफदेहिताका औजारलाई कार्यान्वयनमा ल्याइनेछ।

१५०. सार्वजनिक प्रशासन संयन्त्रलाई चुस्त, दुरुस्त, सेवाग्राहीमैत्री, सुशासनयुक्त, सक्षम, प्रविधिमैंत्री बनाउदै कार्यसम्पादन करारको अवधारणालाई लागु गरिनेछ। सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गर्दै नागरिक समाज र सरोकारवालाहरुबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यबस्था मिलाइनेछ।

१५१. सबै योजना तथा कार्यक्रमलाई व्यवस्थित र पारदर्शी ढंगबाट दिगोरुपमा सन्चालन गर्न उपभोक्ता समितिको क्षमता अभिबृद्धि गर्दै लगिनेछ।

१५२. चालु खर्चको न्यूनीकरण गर्दै पुजिगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारीता र प्रतिफल बढाउने, राजस्वका स्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने दिशामा अघि बढिनेछ। "समृद्ध जैमिनी खुसी र आत्मनिर्भर जैमिनी वासीको" दीर्घकालिन उद्देश्य प्राप्त गर्ने अठोटलाई आत्मसाथ गर्दै  अगाडि बढने नीति अवलम्वन गरिनेछ।

**(च) अन्तर सम्बन्धीत क्षेत्र**

१५३. आगामी आव को वार्षिक योजना तर्जुमा गर्दा सन् २०३० सम्म पुरा गर्ने गरी तोकिएका दिगो विकासका लक्ष्यहरुलाई विषयगत क्षेत्र अनुसार स्थानीयकरण गरि योजना तथा कार्यक्रम तर्जुमाका सन्धर्भमा उपयुक्त रणनीति तयार गरि लागु गरिने छ।

१५४. नगरपालिकाको श्रोत साधनलाई मध्येनजर गरि आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, सडकवोर्ड नेपाल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संघ संस्थाहरु सँग सहकार्य गर्दै अगाडि बढ्ने नीतिलाई निरन्तरता दिइनेछ। देश भित्र र बाहिरका संघ संस्थाहरु सँग भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्वन गरिनेछ।

१५५. नगरपालिका भित्र गरिने खोज अन्वेषण, अनुसन्धान, नवप्रवर्तन र आविष्कार जस्ता अनुसन्धानमूलक कार्यका लागि समन्वय र प्रोत्साहन गरिनेछ।

१५६. जैमिनी नगरपालिका भित्रको शान्ति सुरक्षा व्यबस्थालाई व्यवस्थित र प्रभावकारी बनाई नागरिकहरुको भरोसा योग्य बनाउन सुरक्षा निकाय सँग सहकार्य गर्दै नगर भित्रका सुरक्षा निकायलाई  सवलीकरणमा सहयोग गरि थप प्रभावकारी बनाइनेछ।

१५७. टोल विकास समितिहरु गठन नभएका स्थानहरुमा टोल विकास समितिहरु गठन गरि उद्देश्यको वारेमा बोध गराइ प्रभावकारी कार्यान्वयन गरिनेछ।

१५८. बसाई सराई र आप्रवासन जैमिनी नगरपालिकाको लागि चुनौतिको विषय बनेको छ। नगरबासीलाई आफ्नो थातथलोमा बसाई राख्न आवश्यक पर्ने भौतिक पूर्वाधार,  शिक्षा,  स्वास्थ्य र  सुरक्षाको प्रत्याभूति गर्न सरोकारवाला निकायहरुको पहलमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१५९. **हाम्रो गाउँ, हाम्रो नगर** भन्ने वाक्यांशलाई अनुभूत हुने गरी विभिन्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ। नगरक्षेत्रबाट देश भित्र र बाहिर रहनु भएका सबै नागरिकहरुलाई यस क्षेत्रको विकासमा लगानी गर्ने र रमाउने वातावरण सृजना गर्न पहल गरिनेछ।

१६०. जैमिनी नगरभित्र र बाहिर रहेका जैमिनी नगरसँग सम्बन्धीत व्यवसायीहरु, शैक्षिक तथा राजनीतिक व्यक्तित्वहरु र समाजसेवी लगायतका व्यक्तिहरुलाई आमन्त्रण गरि जैमिनी नगरको विकासको लागि लगानी सम्मेलनको आयोजना गर्ने नीति लिइएको छ। जसबाट नगरको विकासको लागि श्रोत र साधनको व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरिएको छ।

१६१. **भनिन्छ ढिलो न्याय दिनु भनेको न्याय नपाउनु हो** त्यसैले स्थानीय स्तरमा स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने उजुरीहरु लाई स्थानीय स्तरमा रहेका मेलमिलापकर्ता र न्यायिक समितिको माध्यमबाट समयमै न्याय निरुपण गरि सरोकारवाला पक्षको समय र आर्थिक मितव्ययिता कायम गरिनेछ। जसबाट समाजमा शान्ति सुरक्षा अमनचयन कायम भै सम्य र शु-संस्कृत समाज निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

१६२. **कर तिर्नु मेरो विकासका लागि** भन्ने अवधारणालाई विकसित गर्दै करका दायरालाई फराकिलो बनाउदै आन्तरिक आयलाई अभिबृद्धि गरिनेछ। **कर तिरौ जिम्वेवार नागरिक बनौ** भन्ने अभियानलाई सार्थक बनाउन करदाता शिक्षा कार्यक्रम संचालन गर्दै असल कर दातालाई सम्मान गर्ने नीति लिइनेछ। स्वयं कर निर्धारण पद्दति मार्फत करदातालाई पहिलो कर प्रशासनको रुपमा लिने गरि कर सम्बन्धी कानुनको व्यवस्था गरिनेछ।

१६३. आन्तरिक राजस्व परिचालनको सम्भाव्यता, अध्ययन, विश्लेषण र प्रक्षेपणलाई यथार्थपरक बनाइनेछ । राजस्व प्रशासनलाई व्यवस्थित, सरल, प्रविधिमेत्री एवम् करदातामैत्री बनाउँदै वडा कार्यालयबाट कर शुल्क र दस्तुर संकलन गर्न कम्प्युटर, सफ्टवयर तथा आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ। एकीकृत राजश्व सुधार योजना निर्माण गरि लागु गरिनेछ।

१६४. स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा थप भएको राजस्व मोड्युल वडास्तरमा लागु गरि राजस्व प्रणालीलाई पारदर्शी बनाइने छ।

१६५. सरकारी, सार्वजानिक, गुठि र समुदायले परम्परा देखि सामुहिक रुपमा उपयोग गरिरहेको जग्गाको संरक्षण गरि सरकारी जग्गा उपयुक्तताका आधारमा कृषि, उधोग, व्यवसाय सञ्चालनका लागि लिजमा उपलब्ध गराउन सकिनेछ र विकास निर्माणका लागि जग्गा प्राप्त गर्ने प्रक्रिया सहज बनाइनेछ।

१६६. भुमिहिन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत संकलन प्रक्रियालाई निरन्तरता दिंदै उपयुक्त स्थानमा भू उपयोगको निदिष्ट अधिकार रहने गरि व्यवस्थापन गरिनेछ।

१६७. ब्यक्तिगत जग्गाको स्वामित्वलाई विवादरहित रुपमा व्यवस्थित गरि भूमि सम्बन्धी सवालको सम्बोधन गरिनेछ। नरपालिकाको भू उपयोग योजना बनाई दिगो एंव व्यवस्थित उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

१६८. अन्तमा जैमिनी नगरपालिकालाई विकास र समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुऱ्याउनु हुने विषय विज्ञ, राजनैतिक दल, स्थानीय बुद्धिजिवी, नागरिक समाजका व्यक्तित्व र सबै नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। जैमिनीको समग्र विकासमा आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत तथा सम्पूर्ण जैमिनीवासीलाई आभार व्यक्त गर्दै जैमिनीको विकास प्रयासमा सहयोग पुऱ्याउने राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था तथा जैमिनी विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु।

**धन्यवाद।**